# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, चौथो तल्ला
पुतलीसडक, काठमाडौं ।
फोन नं.: ४२३८००८/४२१६०६८/४२४०१५०

## सूची दर्ता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४/०३/०९)**

यस लि. को दैनिक कार्यसंचालनका लागि आ.व.२०७४/७५ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामाग्री तथा सेवाहरु पटक-पटक वा एकै पटक खरिद गर्नुपर्ने भएकोले मौजुदा सूची (Standing List) दर्ताको लागि ईच्छुक आपूर्तिकर्ता, सेवा प्रदायक फर्म/कम्पनी वा व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस लि. को प्रशासन तथा जनशक्ति शाखामा संस्था दर्ता र नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०७२/७३ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि सहित कार्यालयको सम्पर्क व्यक्ति, सम्पर्क नम्बर, फोन नम्बर, फ्याक्स नम्बर तथा इमेल ठेगाना स्पष्ट उल्लेख गरी कार्यालय समयभित्र प्रत्येक कार्यका लागि छुट्टा-छुट्टै निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. स्टेशनरी, मसलन्द, कार्यालय संचालन र अन्य सामानहरु,
२. छपाइ सम्बन्धी कार्य,
३. फर्निचर एवं फर्निसिङ्ग (खरिद तथा मर्मत) र सो सम्बन्धी कार्य (काठ, स्टिल तथा अन्य),
४. सवारी साधन मर्मत तथा पार्टपुर्जाहरु सम्बन्धी कार्य,
५. मेसिनरी औजार तथा उपकरण (कम्प्युटर, सर्भर, इन्टरनेट, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस., टेलिफोन, एयरकण्डिसन लगायत अन्य इलेक्ट्रिक र इलेक्ट्रोनिक सामानहरु खरिद तथा मर्मत समेत),
६. वेबसाइट/सफ्टवेयर बनाउने, मर्मत गर्ने जस्ता सेवा,
७. खानेपानी आपूर्ती सेवा,
८. सुरक्षा गार्ड सेवा,
९. सरसफाई सेवा,
१०. विज्ञापन एजेन्सी सम्बन्धी सेवा,
११. हवाई टिकट खरिद सम्बन्धी सेवा,
१२. कानूनी तथा प्राविधिक परामर्श सेवा,
१३. प्लम्बिङ्ग तथा धारा मर्मत सम्बन्धी सेवा ।